# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, चैत १६ गते २०३८ साल (संख्या ५०

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) (पहिलो संशोधन) नियमावली, २०३८

शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) (पहिलो संशोधन) नियमावली, २०३८" रहेको छ ।

(२) यो नियमावली २०३८ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ को नियम ६ मा संशोधनः शाही नेपाली सेना (दैनिक तथा भ्रमण भत्ता) नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) रथीवृन्ददेखि महासेनानीसम्म – प्रथम तह
(ख) प्रमुख सेनानीदेखि सहायक सेनानीसम्म – द्वितीय तह"

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को उपनियम (२) को खण्डहरूमा रहेका "पाँच रूपैयाँ" "चार रूपैयाँ" "तीन रूपैयाँ" "दुई रूपैयाँ" भन्ने शब्दहरूको सट्टा क्रमशः "छ रूपैयाँ" "पाँच रूपैयाँ" "चार रूपैयाँ" "तीन रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को,–

(१) उपनियम (१) को खण्डहरूमा रहेको "बाईस रूपैयाँ" "अठान्ह रूपैयाँ" "बान्ह रूपैयाँ" "सात रूपैयाँ पचास पैसा" भन्ने शब्दहरूको सट्टा क्रमशः "तीस रूपैयाँ" "पच्चीस रूपैयाँ" "अठान्ह रूपैयाँ" "बान्ह रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) भ्रमणमा जाँदा कार्यालय रहेको सदरमुकामबाट प्रस्थान गरेको दिनको पूरै र गन्तव्य स्थानमा पुगेको वा सदरमुकाममा भ्रमणबाट फर्केको दिनको आधा दैनिक भत्ता पाउनेछ ।"

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः–

"(३) भ्रमणमा जाँदा नगर पंचायत क्षेत्रमा बास बस्नु परेमा त्यसरी बास बसेको दिन जतिका लागि उपनियम (१) मा उल्लेखित दैनिक भत्ताको दश प्रतिशत थप भत्ता पाउनेछ ।"

५. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) सरुवा वा बढुवा भई एक जिल्लाबाट अर्को जिल्लामा जाने सैनिक व्यक्तिले आफ्नो परिवारलाई बहाल भएको जिल्लाबाट आफ्नो घर भएको जिल्लामा फर्काउँदा वा सरुवा भएको जिल्लामा साथ वा पछि जहिलेसुकै लगेमा पनि एक एक पटक र नयाँ नियुक्ति भएको सैनिक व्यक्तिले आफ्नो परिवार आफ्नो घरबाट नयाँ नियुक्ति भएको जिल्लामा साथ वा पछि जहिले-सुकै लगेमा पनि एक पटक दश वर्षमुनिका प्रत्येक केटाकेटीलाई सैनिक व्यक्तिले पाउने दैनिक तथा भ्रमण भत्ताको आधा र सोभन्दा माथिका प्रत्येक सदस्यलाई सैनिक व्यक्तिले पाउने सरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

तर यस नियमबमोजिम परिवारलाई दैनिक तथा भ्रमण भत्ता पाउन, अधिकृत स्तरको लागि कार्यरथी विभाग, सूबेदार, जमदारको लागि बाहिनी-पति वा विभागीय प्रमुख र सोभन्दा मुनिका लागि आफ्नो अड्डा, बाहिनी, गण गुल्म वा डिपोपतिबाट परिवार लैजाने स्वीकृति प्राप्त गर्नु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:–

"(क) भारत, पाकिस्तान, बंगलादेश, बर्मा, जनगणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत र श्रीलङ्कामा जाने रथीवृन्ददेखि सहायक सेनानीसम्मलाई एक हजार छ सय रूपैयाँ र सोदेखि मुनिका सबैलाई एक हजार रूपैयाँ।

(ख) खण्ड (क) मा उल्लेख भएका मुलुकहरूबाहेक अन्य मुलुकहरूमा जाने रथीवृन्ददेखि सहायक सेनानीसम्मलाई दुई हजार रूपैयाँ र सो-देखि मुनि सबैलाई एक हजार चार सय रूपैयाँ।"

७. मूल नियमावलीको अनुसूची ३ मा संशोधन : मूल नियमावलीको अनुसूची–३ को सट्टा देहायको अनुसूची–३ राखिएको छः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

(नियम २० को उपनियम (१) सित सम्बन्धित)

### दैनिक भत्ताको दर

| मुलुक | सैनिक व्यक्तिको तह | | | |
|---|---|---|---|---|
| | प्रथम तह | द्वितीय तह | तृतीय तह | चतुर्थ तह |
| अनुसूची २ (क) का मुलुकहरूमा रू.– | ६२०।– | ५५७।– | ४९४।– | ४९४।– |
| अनुसूची २ (ख) का मुलुकहरूमा रू.– | ५५७।– | ४९४।– | ४३१।– | ४३१।– |
| अनुसूची २ (ग) का मुलुकहरूमा रू.– | २००।– | १६०।– | १५०।– | ७०।– |

तर,

(१) दिल्ली, बम्बई, कलकत्ता, मद्रास र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य कुनै शहरमा भ्रमण गर्दा माथि तोकिएको दैनिक भत्तामा पचास प्रतिशत थप दिइनेछ ।

(२) सरकारी कामको सिलसिलामा नेपाल अधिराज्यको एक भागबाट अर्को भागमा विदेशको बाटो गरी जानु पर्दा वा सरकारी स्तरमा औपचारिक रूपले प्रतिनिधित्व गर्नु परेमा बाहेक नेपाल अधिराज्यको सीमानासंग जोडिएको विदेशी सीमानाक्षेत्रमा जानु पर्दा विदेशको त्यस्तो ठाउँमा रात बिताउनु परेमा नेपाल अधिराज्यभित्र पाउने दैनिक भत्ताको दरमा पचास प्रतिशत थप दिइनेछ ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।